कृषि मूलश्च: जीवनम् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन इकाई, गोरखा

Email:pmamp.piu.gorkha@gmail.com
Website:piugorkha.pmamp.gov.np
☎ ०६४४२०३१६, ९८५६०१०९१०

### कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति: २०८०/११/१५**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ गोरखाको चालु आ.व.२०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्म/कृषक समुह/कृषि सहकारीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति २०८०/१२/१४ गते कार्यालय समयभित्र) गोरखा हरमटारी स्थित यस कार्यालय वा आबुखैरेनी गा.पा, बरादी, तनहुँ स्थित सम्पर्क कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धीत सबैमा जानकारी गराइन्छ।

तपसिलः

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषि उद्यमी/ फर्म/कृषक समुह/कृषि सहकारीहरु | जिल्लाभरि (गोरखा र तनहुँ) | -तरकारीको ब्यवसायिक उत्पादन, प्रशोधन तथा वजारीकरण (कुरीलो,प्लास्टिक घरमा तरकारी खेती आदि)<br>-खाद्यान्नको वीउ उत्पादन (धान वाली)<br>-प्राङ्गारिक गड्यौली मल वा जैविक मल उत्पादन तथा वजारीकरण (गोटेमल उत्पादन वजारीकरण)<br>-घाँसवाट हे, साइलेज, तथा हेलेज उत्पादन ब्यवसाय ।<br>-ब्यवसायिक पशुपन्छी तथा मत्स्यपालन उत्पादन र प्रशोधन (मत्स्यपालन उत्पादन) | -प्रति प्रस्ताव बढीमा चार लाख रुपैंया सम्म।<br>-स्विकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान उपलब्ध गरिने। |

पूर्ण हुंगाना
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रको लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण तथा औद्यागिकीकरण"

कृषि मूलश्चः जीवनम् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मंत्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई, गोरखा**

Email:pmamp.piu.gorkha@gmail.com
Website:piugorkha.pmamp.gov.np
☎ ०६४४२०३१६, ९८५६०१०९१०

निवेदन साथ संलग्न कागजातहरुः

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसुचि-३ बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिश पत्र।

(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

द्रष्टव्यः सम्बन्धित कार्यक्रमको विषयमा थप/विस्तृत जानकारीको लागि सम्बन्धीत पालिका साथै परियोजना कार्यान्वयन एकाई, गोरखा तथा जोन प्राविधीक एकाई, बरादी, तनहुँमा सम्पर्क गर्न सक्नुहुनेछ ।

<u>गोरखाको लागि सम्पर्कः</u>

९८५६०१०९२०, ९८५६०१०९३०

<u>तनहुँको लागि सम्पर्कः</u>

९८५६०१०९४०, ९८४८६२८०२५

<u>कार्यालयको वेवसाइटः</u>

piugorkha.pmamp.gov.np

पूर्ण ढुंगाना
वरिष्ठ कृषि अधिकृत